# चौध



**विष्णु निष्ठुरी**

**विष्णु निष्ठुरी** नेपाल पत्रकार महासङ्घका सभापति हुनुहुन्छ । यसअघि उहाँ महासङ्घकै महासचिवका रूपमा क्रियाशील हुनुहुन्थ्यो । पत्रकारिता जीवनका विभिन्न चरणमा उहाँ *अन्तु*को कार्यकारी सम्पादक, इलामका लागि राससका साथै *देशान्तर, सुरुचि, स्वतन्त्रता* साप्ताहिकका संवाददाता र *हिमालय टाइम्स* र *स्पेसटाइम* दैनिकमा कार्यकारी सम्पादक भइसक्नुभएको छ । उच्चस्तरीय मिडिया सुझाव आयोग (२०६३) को सदस्य रहिसक्नुभएका निष्ठुरी प्रेस काउन्सिल नेपाल र दक्षिण एसियाली पत्रकार आयोगका वर्तमान सदस्य हुनुहुन्छ । २०६१ माघमा शाही शासनकाल सुरु हुनासाथ पत्रकारहरूमा सबैभन्दा पहिला गिरफ्तार निष्ठुरी २२ दिनको कारावासपछि मुक्त हुनुभएको थियो । त्यसपछि निरङ्कुशता विरुद्ध प्रेस स्वतन्त्रताको आन्दोलनका क्रममा १५ पटक पक्राउ पर्नुभयो । प्रेस स्वतन्त्रताका लागि नेपाली पत्रकारले गरेको सङ्घर्षको नेतृत्व गरेकाले उहाँलाई दक्षिण कोरियाको प्रतिष्ठित मान्हे फाउण्डेसनले अन्तर्राष्ट्रिय पुरस्कार (सन् २००७) प्रदान गरको छ । पछिल्लो जनआन्दोलनको डायरीको रूपमा उहाँको पुस्तक *उन्नाइस दिन* प्रकाशित छ ।

**नेपाल पत्रकार महासङ्घले गर्ने मुख्य काम के हो ?**

नेपाल पत्रकार महासङ्घका काँधमा केही महत्त्वपूर्ण दायित्वहरू छन् । तिनलाई पूरा गर्न महासङ्घले निरन्तर जागरुक र क्रियाशील भैराख्नु परेको छ । नेपाली पत्रकारहरूलाई सङ्गठित गरी व्यावसायिक नेतृत्व प्रदान गर्दै उनीहरूको हक अधिकार प्रवर्द्धन तथा संरक्षण गर्न क्रियाशील रहनु महासङ्घको मुख्य काम हो ।

त्यसैगरी उत्तरदायी, मर्यादित र जिम्मेवार पत्रकारिताको संस्थागत विकासमा सक्रिय हुँदै स्वतन्त्र प्रेसको विश्वव्यापी मर्म, मान्यता, आचरण र आदर्शलाई परिपालना गर्नुपरेको छ । सूचनाको हक र विचार तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा निरन्तर लागिरहनु, श्रमजीवी पत्रकारहरूको उचित श्रम अभ्यास र पेशा तथा रोजगारीको अधिकारको संरक्षणका लागि नेतृत्व प्रदान गर्नु महासङ्घको कर्तव्य हो । यसका साथै प्रेस स्वतन्त्रताको प्रतिरक्षाका लागि आवश्यक सबै काम गर्नु पनि महासङ्घको नियमित कार्य हो ।

**स्वतन्त्र प्रेसको रक्षार्थ महासङ्घले गरिरहेका कामहरू के के हुन् त ?**

स्वतन्त्र प्रेसको रक्षार्थ महासङ्घले नियमित अनुगमन प्रणाली स्थापना गरेको छ । केन्द्रीय कार्यालयमा सञ्चार पूर्वाधारसहित दक्ष जनशक्ति दैनिक मिडिया मनिटरिङका लागि खटिरहेका छन् । देशभरिका शाखाहरूमा पूर्वाधार स्थापना भैनसके पनि मनिटरिङको काम भने भई नै रहेको छ । प्रेस र पत्रकारमाथि आइपर्ने समस्याको गम्भीरता र संवेदनशीलता हेरी तत्काल मिसन पठाउने गरिएको छ । सङ्कटका बेला अन्तर्राष्ट्रिय मिडिया मिसनले समेत नेपाल भ्रमण गरेको छ । नियमित बुलेटिन र वार्षिक प्रतिवेदन प्रकाशन गरी प्रेस स्वतन्त्रताको अवस्थाबारे जानकारी सार्वजनिक गर्ने गरिएको छ ।

यसबाहेक स्थानीय तहमा राजनीतिक दलहरू, सङ्घसंस्थाहरू आदिसँग प्रेस स्वतन्त्रताको अवस्था र आवश्यकताबारे छलफल अन्तर्क्रिया गरी प्रेसमाथिका व्यवधान र समस्या कम गराउनमा वातावरण निर्माणको प्रयास गरिएका छन् ।

**पुरानो नेपाल पत्रकार सङ्घलाई २०५३ असारमा महासङ्घ बनाएपछि यसको साङ्गठनिक संरचना र गतिविधिमा के भिन्नता आयो ?**

२०१२ चैत १६ गते स्थापना भएको नेपाल पत्रकार सङ्घ २०५३ असारमा महासङ्घमा रूपान्तरण भयो । त्यसपछि यसका सदस्यहरू वृद्धि हुँदै गए र शाखा सदस्य संस्था स्थापना भए । आज देशको सबैजसो भू-भागमा महासङ्घको

संस्थागत उपस्थिति रहेको छ । सङ्घ महासङ्घमा फड्को मारेपछि सङ्गठन विस्तार भयो र सबै पत्रकार सङ्गठित हुन पाए ।

महासङ्घले आफूलाई केन्द्रमुखी नहुनमा ध्यान पुऱ्याएको छ । अत्यावश्यकबाहेक प्रेस स्वतन्त्रतासँग सम्बन्धित कार्यक्रमहरू कर्णालीदेखि लिएर अवसरबाट वञ्चित विभिन्न क्षेत्रमा आयोजना गरिएको छ । पत्रकारिताका विधागत समस्या पहिचान गरी समाधानको उपाय खोज्ने प्रयत्न भइरहेको छ । सम्पादकहरूको राष्ट्रिय भेलाको आयोजना गरी स्थानीय छापा पत्रकारिताका समस्याबारे बहस गरिएको छ । महिला पत्रकारहरूको राष्ट्रिय भेला पनि भरखरै गरियो । बैठक गोष्ठीमा मात्र सीमित नभै पत्रकारिताका सरोकारवालासँग प्रत्यक्ष संवाद गर्ने परिपाटीको विकास भएको छ । प्रेससँग सम्बन्धित नीति निर्माण, ऐन कानुन परिमार्जन गर्ने काममा महासङ्घले योगदान पुऱ्याउने अवसर पाएको छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासँग सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहकार्यमा विकास भएको छ । अन्तर्राष्ट्रिय मञ्चहरूमा महासङ्घले सम्मानजनक सहभागिताको अवसर पाउन थालेको छ । अन्तर्राष्ट्रिय पत्रकार महासङ्घ, इन्टरनेसनल फ्रिडम अफ एक्स्चेन्ज (आइफेक्स) जस्ता संस्थाको पूर्ण सदस्यता प्राप्तिपछि महासङ्घको अन्तर्राष्ट्रिय सम्बन्धमा व्यापक विकास भएको छ । राष्ट्र सङ्घका स्थानीय कार्यालयहरूसँग साझेदारी कार्यक्रमहरू गरिएका छन् । यसले गर्दा महासङ्घका गतिविधिमा निकै उत्साहप्रद उपलब्धि थपिएका छन् । मैले केही मुख्य विषय मात्र यहाँ उल्लेख गरेको हुँ ।

**महासङ्घ र जिल्लाका शाखा एवं अन्य शाखाको सम्बन्ध कस्तो छ ? महासङ्घको संरचना केन्द्रमुखी छ । यसलाई सुधार्न जरुरी छैन ?**

महासङ्घको केन्द्रीय कार्यालय र शाखाहरूबीच जीवन्त सम्बन्ध छ । त्यसैगरी शाखा-शाखाबीचको सम्बन्ध सशक्त बन्दै गएको छ । माघ १९ लगत्तै सुरु भएको प्रेस स्वतन्त्रताको आन्दोलन सशक्त हुनुमा शाखाहरूको निकै महत्त्वपूर्ण भूमिका रहेको छ । यही भूमिकालाई महत्त्व दिँदै हालै संशोधित विधानमा सङ्गठनको केन्द्रमुखी संरचनामा आमूल परिवर्तन गरिएको छ । यो परिवर्तनले महासङ्घको सङ्गठनलाई अझ सशक्त र प्रभावकारी बनाउने अपेक्षा एवं विश्वास गरिएको छ ।

**जीवन्त सम्बन्ध भनेको कस्तो हो अलि प्रस्टचाइदिनोस् न ।**

मिडिया मनिटरिङको नियमित कार्यले शाखा र केन्द्रको सम्पर्क व्यापक हुन पुगेको छ । नयाँ सदस्यता प्रदान गर्ने मुख्य भूमिका शाखालाई नै विधानले

दिएको छ । शाखाहरूकै तत्परतामा केन्द्रसँग समन्वय गरेर विभिन्न खाले कार्यक्रमहरू भैरहेका छन् । केन्द्रमुखी परम्पराको अन्त्य गर्ने हाम्रो उद्देश्य रहेकाले शाखालाई क्रियाशील बनाउने प्रयत्न पनि जारी छ जसले गर्दा केन्द्र र शाखाको सम्बन्ध जीवन्त बन्न सक्नेछ ।

**संशोधित विधानमा क्षेत्रीय समितिको अवधारणा ल्याइएको छ । यसले महासङ्घको सांगठनिक स्वरूपमा के फरक ल्याउँछ ? महासङ्घलाई सङ्घीय स्वरूपमा लैजाने तयारी हो यो ?**

नयाँ संशोधित विधानले क्षेत्रीय समन्वय समितिको अवधारणा लिएको छ । यसमा विकास क्षेत्रबाट निर्वाचित दुई केन्द्रीय सदस्यमध्ये बढी मत प्राप्त गर्ने संयोजक रहने वैधानिक प्रावधान छ । सम्बन्धित क्षेत्रका शाखा सभापति त्यसका सदस्य रहनेछन् । यसबाट सङ्गठन अझ चुस्त हुनेछ । सङ्गठन सुदृढीकरणको दायित्व र भूमिका क्षेत्र हुँदै शाखाको पनि रहनेछ । यो महासङ्घलाई सङ्घीय स्वरूपमा लैजाने तयारी नै त होइन, राज्यको पुनर्संरचना हुनै बाँकी छ । एउटा पेशागत सङ्गठन अहिले नै हतारिनु पर्दैन । तर, सङ्गठनमा समावेशीकरण र विकेन्द्रीकरणको कार्यक्रम ल्याउने उद्देश्य चाहिँ संशोधित विधानले आत्मसात् गरेकै हो ।

**नेपाल पत्रकार महासङ्घको केन्द्र र शाखाहरूको आर्थिक स्रोत के हो ? स्रोत जुटाउने उपायबारे महासङ्घभित्र के कस्ता बहस भइरहेका छन् ? महासङ्घका पदाधिकारीले खटेर काम गरेबापत पारिश्रमिक लिन्छन् कि लिँदैनन् ?**

महासङ्घको भरपर्दो आर्थिक स्रोत छैन भने पनि हुन्छ । स्थायी स्रोत भनेको सदस्यता शुल्क मात्रै हो । सदस्यता शुल्क तिर्ने कुरालाई हामी सदस्यहरूले अझै पनि आफ्नो कर्तव्य ठान्न सकेका छैनौँ । त्यसैले यसकै भरमा मात्र सङ्गठन क्रियाशील हुन सम्भव नै छैन । स्रोत जुटाउने त्यस्तो ठोस कार्यक्रम पनि बन्न सकेको छैन । तर, केही अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, राष्ट्रसङ्घका स्थानीय निकायहरू र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको क्षेत्रमा क्रियाशील अन्तर्राष्ट्रिय संस्थाहरूसँग महासङ्घले सहकार्य गर्ने गरेको छ । अहिले यस्तो सहकार्यमा उल्लेखनीय रूपमा वृद्धि भएको छ जसबाट महासङ्घलाई उल्लेख्य रूपमा आर्थिक सहयोगसमेत भइरहेको छ । यस्ता सहकार्यमा महासङ्घका सबै पदाधिकारी तथा सदस्यहरूले स्वयंसेवी भूमिका निर्वाह गर्ने गरेका छौँ ।

**महासङ्घले विधान संशोधन गऱ्यो। संशोधित विधानमा भएको समावेशीकरण प्रसङ्गबारे महासङ्घ भित्रबाटै असन्तुष्टि बाहिर आयो। समावेशीकरणको कस्तो प्रावधान राखिएको छ र विवाद किन भएको हो ?**

महासङ्घको विधान संशोधन सन्दर्भमा सङ्गठनभित्र त्यस्तो कुनै विवाद थिएन र छैन। समावेशीकरणको सम्बन्धमा महासङ्घले पूर्ण समावेशी हुनुपर्छ भन्ने सिद्धान्तलाई विधानमै आत्मसात् गरेको छ। सङ्ख्यात्मक रूपमा वृद्धि गर्नुपर्ने माग थियो तर त्यसैलाई मुद्दा बनाएर कुनै सदस्यले विवाद गरिरहेको कुरा सत्य होइन। तर केही सङ्घसंस्थाले सत्य-तथ्य बुझ्नेतर्फभन्दा हतारमा प्रतिक्रिया दिएर आफ्नै छविमा क्षति पुऱ्याएकोतर्फ भने महासङ्घ चिन्तित छ। उनीहरूले विधानले महिला, दलित, आदिवासी-जनजाति र मधेसी समुदायका पत्रकारहरूलाई समावेशी गर्ने स्पष्ट वैधानिक प्रावधानलाई ख्याल नगरी हतारमा प्रतिक्रिया दिँदा समाजमा क्षणिक भ्रम उत्पन्न भएको थियो। तर, त्यो भ्रम अर्को दिनको सूर्योदयसँगै स्पष्ट भइसकेको छ।

**महासङ्घमा महिला, दलित, जनजाति, मधेसी, आदि समुदायको सहभागिता बढाउने उद्देश्यले समितिहरू गठन गरिएको थियो। ती समितिले के कस्तो योजनासहित आफ्ना कामहरू गरिरहेका छन् ?**

समितिहरू आवश्यकताअनुसार क्रियाशील नै छन्। महिला समितिले महिला पत्रकारको राष्ट्रिय भेलाको संयोजन गऱ्यो भरखरै। सङ्गठन समिति निष्क्रिय बस्नै पाउँदैन। धेरैजसो समिति क्रियाशील हुनै पर्छ, भइरहेका छन्।

**पछाडि पारिएका जाति, वर्ग, लिङ्ग, क्षेत्र र समुदायका मुद्दाहरूलाई नेपाली मिडियाले उचित स्थान नदिएको सन्दर्भमा ती मुद्दालाई समेट्न र मिडियामा ती समुदायका व्यक्तिहरूको भौतिक प्रतिनिधित्व बढाउन महासङ्घसँग के योजना छन् ?**

नेपाली मिडियाले पछाडि परेका जाति, वर्ग, लिङ्ग, क्षेत्र र समुदायका मुद्दालाई यथोचित स्थान दिएका छन्। उनीहरूका भाषा, संस्कृति, जातीय पहिचान र कुण्ठित अधिकारका बारेमा सबभन्दा पहिले मिडियाले नै सम्बोधन गरेको हो। ती विषयहरू प्रकाशमा ल्याउने र राज्यलाई ध्यानाकर्षण गराउने कार्यमा मिडिया अग्रस्थानमा छ। यी विषयलाई लोकप्रिय नारा बनाएर बिस्तारै धेरै संस्थाहरू खुल्न थाले। अहिले आएर पछि पारिएका सबै समुदाय अधिकार माग्दै

आफैँ सिंहदरबारको मूलद्वारसम्म आउने अवस्था बनेको छ । मिडियाको सक्रिय योगदानबिना यो स्थिति कल्पना गर्न सकिन्छ र ?

**विभिन्न जाति, वर्ग, लिङ्गका समुदायको बारे मिडिया कभरेज कम छ, यी समुदायप्रति असंवेदनशील भएर खिसीटचुरी गरेको छ भनेर अध्ययन प्रतिवेदन र आलेख बरोबर देख्न पाइएको छ । यस्ता निष्कर्ष प्रति तपाईं असहमत हुनुहुन्छ हो ?**

२०४६ सालमा भएको परिवर्तनपछिका दिनहरूलाई हेर्ने हो भने राज्यले वास्ता नै नगरेका क्षेत्रलाई मिडियाले नै उठाएको हो । पिछडिएका जाति, जनजाति भनौँ या ओझेलमा परेका क्षेत्रहरू । यिनलाई नीतिनिर्माताको नजरमा पुर्‍याउने, दलहरूको ध्यानाकर्षण गराउने र मूल प्रवाहमा जोड्ने काम मिडियाले नै गरेको हो भन्दा मलाई गौरव लाग्छ ।

वादी दिदी बहिनीहरूलाई सिंहदरवारको प्रवेशद्वारसम्म आउनसक्ने आँट र भरोसा प्रेसले दिएको हो भन्नलाई कञ्जुस्याइँ गर्न हुन्न । मिडिया गाउँघरमा पुगेको छ, नागरिकसँग छायाँ जस्तो नजिक छ । केन्द्र र मोफसल भन्ने अन्यायपूर्ण विभेद हटाउन मिडिया नै सफल भइरहेको छ भने यस्तो अवस्थामा पनि संवेदनशील भएन भनियो भने मिडियामाथि अन्याय हुन पुग्छ ।

**चितवनमा २०५४ सालमा भएको अधिवेशनमा गैरपत्रकारलाई सदस्यता दिएको विषयलाई लिएर ठूलो विवाद भएको थियो र यसविरुद्ध पत्रकारहरू नै अनसन बसेका थिए । अहिले पनि गैरपत्रकारहरूले पत्रकार महासङ्घको सदस्यता लिने गरेको देखिन्छ । पेशागत सङ्गठनमा किन यस्तो भएको होला ? सदस्यता दिने प्रक्रिया के हो ?**

म लामो समयदेखि यो सङ्गठनमा क्रियाशील छु । ११ वर्ष त केन्द्रीय समितिमै बित्न लाग्यो, मेरो अनुभवमा गैरपत्रकार महासङ्घको सदस्य भएको छैन, यो हुन सक्दैन । यसअघिका विधानमा सदस्यता प्राप्त गर्ने सर्तहरू थिए, अहिले संशोधित विधान यसमा अझ प्रस्ट छ । सदस्यता प्राप्त नहुँदाको कुण्ठा र असन्तुष्टिहरूलाई महासङ्घले विधानको प्रावधानअनुसार नै हेर्ने गरेको छ ।

**महासङ्घले विभिन्न परियोजनाहरू सञ्चालन गरिरहेको छ । ती परियोजनाले व्यावसायिक विकासमा के टेवा दिएका छन् ? तिनले काठमाडौं बाहिरका जिल्लाका पत्रकारलाई कसरी सघाएका छन् त ?**

महासङ्घले सञ्चालन गरिरहेको परियोजनाहरूले सङ्गठनको क्षमता अभिवृद्धि हुनमा मद्दत गरेका छन् । प्रेस स्वतन्त्रताको रक्षा र प्रबर्द्धन गर्ने उद्देश्य पूरा गर्न महासङ्घलाई क्रियाशील हुन सहयोग पुगेको छ । केन्द्र र शाखाहरूको पूर्वाधार विकास हुँदै गएको छ । सबै तहमा कुशल नेतृत्व आवश्यक हुन्छ भन्ने कुरालाई आत्मसात गरी नेतृत्व विकास तालिम दिइएको छ । यस्तो कार्यक्रम ९० प्रतिशत राजधानीबाहिर नै हुने गरेका छन् । प्रेसमाथि थपिँदै गरेका समस्या न्यूनीकरण गर्न राजधानीबाहिर सम्मेलनहरू भएका छन् । मध्य र सुदूरपश्चिमले प्राथमिकता पाएका छन् । सम्पादकहरूको राष्ट्रिय भेला गरी पेशागत समस्या पहिचान गर्ने काम भएको छ । तिनको समाधानको निम्ति महासङ्घ क्रियाशील छ ।

**परियोजनाहरू चलाउनेबारे महासङ्घभित्र के कस्ता बहस भइरहेका छन् ? परियोजना छान्ने केही आधार पनि छन् कि ?**
परियोजनाहरू आवश्यकताअनुसार लिइन्छ ।

**पत्रकारका हकहितका लागि सक्रिय हुनुपर्ने पेशागत सङ्गठनले गैरसरकारी संस्था जस्तो परियोजना चलाउनु उचित होइन भन्ने आरोप पनि सुनिन्छ । यसबारे महासङ्घभित्र कस्तो बहस हुने गरेको छ त भन्ने जिज्ञासा हो मेरो ।**
विज्ञप्ति मात्रै जारी गरेर महासङ्घको दायित्व पूरा हुन्छ भनेर सन्तोष मान्न सकिने अवस्था छैन । सङ्गठनको विस्तारसँगै दायित्व पनि दोब्बर भएका छन् । प्रेसमाथिको सङ्कट र सङ्घर्ष छिपेको विषय होइन । सङ्गठनलाई क्रियाशील बनाइराख्नु परेका छ र त्यसका लागि साधन, स्रोत र दक्ष जनशक्ति अनिवार्य हुन्छ । यति गर्न महासङ्घको स्थायी स्रोतले भरथेग हुन सम्भव नै छैन । त्यसैले महासङ्घको छवि र उद्देश्यमा नकारात्मक असर नपर्ने गरी परियोजनाहरू सञ्चालन गरिएका हुन् । यो हाम्रो बाध्यता हो ।

परियोजना सञ्चालन गर्दा प्रचलित विधिको पूर्ण पालना गर्ने, पारदर्शी रहने र मान्यताप्राप्त लेखापरीक्षकबाट परीक्षण गराई विधानसम्मत प्रक्रियाबाट अनुमोदन गराउने कर्तव्यलाई हामीले पूर्ण रूपले पालना गरेका छौँ । त्यसको व्यवस्थित अभिलेख राखिएको छ ।

तर यी सबै कुरालाई महत्त्व नदिई तथ्यहीन र असत्य सूचनाको आधारमा महासङ्घमा भ्रष्टाचार भयो भनी उद्देश्यमूलक ढङ्गले गरिएको प्रचारबाट हामी

दुःखी छौं । पत्रकारहरूको छाता सङ्गठन स्वयं गलत सूचनाको मिथ्या प्रचारबाजीको शिकार भएको छ भन्नुपर्दा लज्जाबोध पनि भएको छ ।

**महासङ्घले विगतमा लोकतन्त्र र शान्तिका लागि पूर्ण प्रेस स्वतन्त्रता भन्ने मूल नाराअन्तर्गत सङ्घर्ष गऱ्यो । अहिले परिवर्तित सन्दर्भमा प्रेस स्वतन्त्रताको अवस्था के छ ? प्रेस स्वतन्त्रतालाई संस्थागत गर्नका लागि महासङ्घले के पहल गर्दैछ ?**

नेपाली प्रेस अहिले पनि सङ्कटमुक्त छैन । चुनौतीहरू थपिँदै गएका छन् । पत्रकारको व्यक्तिगत सुरक्षा जोखिममा छ । व्यावसायिक पत्रकारितामाथि आक्रमण भइराखेकै छ । प्रेसलाई शत्रुवत् व्यवहार गर्ने संस्कृति व्याप्त छ, यो हट्न सकेको छैन । आलोचना सुन्न नचाहने हठका कारण प्रेसले हप्की-दप्की र हस्तक्षेपको शिकार हुनु परेको छ ।

महासङ्घ यी समस्या न्यूनीकरण गर्नमा क्रियाशील छ । प्रेस सार्वजनिक सम्पत्ति हो, पत्रकार अन्ततः नागरिक अधिकार बलियो बनाउन नै क्रियाशील हुन्छन् भन्ने यथार्थ महसुस गराउने काममा महासङ्घले काम गर्दै आएको छ, गरिरहने छ ।

**महासङ्घमा दलीय राजनीतिको प्रभाव अत्यधिक देखिन्छ । यसले महासङ्घलाई र अन्ततोगत्वा सिङ्गो पत्रकारिता जगतलाई नकारात्मक असर पारेजस्तो लाग्दैन तपाईंलाई ?**

पत्रकार पनि आस्थावान र विचारशील प्राणी हो । विचारहीन पत्रकार खोज्न थाल्यो भने बरु स्यालको सिङ फेला पार्न सकिएला तर त्यस्तो पत्रकार भेट्न सकिँदैन । पत्रकार महासङ्घका सबैजसो सदस्य दलीय आस्था राख्छौँ । रुचि र आस्था फरक अवश्य छन् । तर महासङ्घभित्र राजनीतिक आस्थाले कहिल्यै पनि बाधा-व्यवधान ल्याएको छैन । वैचारिक विविधताबीचको एकता महासङ्घको पहिचान हो । पत्रकारिता जगत खुला किताब हो, हामी जो कोहीले पल्टाएर हेर्न सक्छौँ ।

**महासङ्घले गणतन्त्रका लागि क्रियाशील हुन आफ्ना सदस्यहरूलाई आह्वान गरेको छ । पेशागत सङ्गठनले यसरी सीधै राजनीतिक मुद्दा उठाएर हिँड्न मिल्छ र ?**

राजनीतिक स्वतन्त्रता र स्थायित्वबिना प्रेस स्वतन्त्रता सम्भव छैन भन्नेमा महासङ्घ प्रस्ट छ । नागरिक अधिकारविरुद्ध भएका अधिनायकवादी निर्णयहरूले

जहिले पनि प्रेसलाई नै मुख्य शत्रु मान्ने गरेको इतिहास साक्षी छ। यसमा नेपालको राजतन्त्रले प्रेसलाई नै प्रमुख बाधा ठान्ने गरेको छ। माघ १९ को नागरिक अधिकारविरुद्धको 'शाही घोषणा' लाई महासङ्घले त्यसै 'कू' भनेको होइन। स्वतन्त्र प्रेसको प्रमुख शत्रु भनेकै यहाँको राजतन्त्र हो भन्नेमा महासङ्घ प्रस्ट छ। तसर्थ यसको संस्थागत अन्त्य अपरिहार्य छ, त्यसका लागि गणतन्त्र उपयुक्त विकल्प हो भन्ने निष्कर्षमा महासङ्घ पुगेकै हो।

अब पेशागत सङ्गठनले यस्तो राजनीतिक निर्णय गर्नु हुँदैन थियो भन्नेतिर फर्किएर छलफल गर्ने हो भने माघ १९ पछिका दिनलाई हेर्नुपर्ने हुन्छ। माघ १९ लगत्तै प्रेसमाथि सैनिक दमन गरियो, तर कुनै दलका कार्यालयमा एउटा सिपाहीसमेत थिएन। राजतन्त्रलाई लाखौँ सदस्य भएका दलहरूभन्दा केही हजार सदस्य भएको महासङ्घ र सञ्चारमाध्यमसँग बढी डर रहेछ। यही कुरालाई बुझेर महासङ्घले प्रेस स्वतन्त्रतामा आन्दोलनको नेतृत्व गऱ्यो, त्यस बेला पनि महासङ्घविरुद्ध विषवमन गरिएकै हो। राजनीति गरेको, दलहरूको पुच्छर बनेको जस्ता आक्षेप लगाइएकै हो। तर महासङ्घले आफ्नो सङ्घर्षको बाटो छोडेन। स्वतन्त्र प्रेसको भविष्य सुनिश्चित हुने भरपर्दो आधार खोज्नु महासङ्घको प्रमुख कर्तव्य हो र महासङ्घले त्यो काम गर्दछ।

**नेपालको प्रेस स्वतन्त्रता आन्दोलनको सम्मानमा तपाईंले अन्तर्राष्ट्रिय पुरस्कारसमेत पाउनुभयो। तपाईंको अनुभवमा नेपाली प्रेसलाई अन्तर्राष्ट्रिय समुदायले विगतमा कसरी हेरेको थियो र अहिले कस्तो मूल्याङ्कन गरेको छ?**

नेपालको प्रेस स्वतन्त्रता आन्दोलन विश्वमै एउटा उदाहरण हो। अन्तर्राष्ट्रिय समुदायले यसलाई रुचिपूर्वक हेरेको र अध्ययनसमेत गरेको छ। पेशागत स्वतन्त्रताको रक्षाका लागि प्रेसले सङ्गठित भएर सङ्घर्ष गर्ने कुरालाई निकै महत्त्व दिइँदोरहेछ। निरङ्कुशतन्त्रविरुद्ध भएको जनआन्दोलनकै एक सक्रिय सदस्य रहेको नेपाली प्रेसले अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिष्ठा आर्जन गरेको छ। नेपाल पत्रकार महासङ्घ र यसका सदस्यहरूको योगदानको सम्मान गरिएको छ। यही कारणले प्रेस स्वतन्त्रता आन्दोलनको सम्मान गर्दै दक्षिण कोरियाको प्रतिष्ठित मान्हे फाउन्डेसनले अन्तर्राष्ट्रिय पुरस्कार प्रदान गरको छ। वास्तवमा यो प्रेस स्वतन्त्रता आन्दोलनकै सम्मान हो।

**तपाईं लामो समयसम्म महासङ्घको केन्द्रीय कार्यसमितिका विभिन्न पदमा रहनु भयो। यो अनुभवका आधारमा महासङ्घलाई अझै बहुलवादी र**

**लोकतान्त्रिक बनाउन के गर्नु पर्ला जस्तो लाग्छ तपाईंलाई ? यसका लागि महासङ्घलाई कस्तो नेतृत्व चाहिएला ?**

आगामी बाइसौँ महाधिवेशनले महासङ्घलाई नयाँ र बलियो जगमा उभ्याउने छ । बहुलवादी, लोकतान्त्रिक र पूर्णसमावेशी स्वरूपको महासङ्घ हाम्रा सामु उभिनेछ । वास्तवमा बाइसौँ महाधिवेशनले महासङ्घलाई युगान्तकारी परिवर्तन गराउने छ भन्ने मेरो विश्वास छ ।

जहाँसम्म नेतृत्वको प्रश्न छ, कुनै पनि किसिमको आग्रह र अहङ्काररहित नेतृत्व महासङ्घले चाहन्छ । सहिष्णु, सन्तुलित र दम्भशून्य नेतृत्वले नै नेपाल पत्रकार महासङ्घको रथ हाँक्न सक्छ ।